सार्वजनिक सवारी साधनहरुको भाडा निर्धारण सम्बन्धी सूचना

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं फागुन १८ गते, २०७१ साल (संख्या ४०

## भाग ५

नेपाल सरकार

### भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको

#### सूचना १

नेपाल सरकारले विभिन्न अञ्चल यातायात कार्यालयहरूमा दर्ता भएका २० (बीस) बर्ष पुराना भाडाका सार्वजनिक सवारी साधनहरु (मालवाहक तथा यात्रुवाहक सवारी) को व्यवस्थापन देहाय बमोजिम गर्ने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. नयाँ दर्ता हुने भाडाका सार्वजनिक सवारी साधनहरुको आयु अधिकतम २० (बीस) बर्ष तोकी सवारी दर्ता प्रमाण पत्र र कार्यालयको अभिलेखमा जनाउने ।

२. भाडाका २० (बीस) बर्ष पुराना सार्वजनिक सवारी साधनहरु (लिलामबाट दर्ता र नामसारी भएका वा नभएका र भाडाका ट्याक्सीहरु बाहेक) को नामसारी गर्नको लागि २१ दिने सूचना प्रकाशित गर्ने ।

३. प्रकरण (२) मा तोकिएको अवधि समाप्त भएको मितिले ३ महिना भित्रमा त्यस्ता सार्वजनिक सवारी साधनको नामसारी गर्ने र सो पश्चात नामसारी नगर्ने ।

४. बाग्मती अञ्चलको हकमा नामसारी भई दर्ता हुन आएका वा नआएका सम्पूर्ण सार्वजनिक सवारी साधनहरु (ट्याक्सी वाहेक) २ वर्ष भित्रमा स्क्रयाप (पत्रु) गर्ने ।

५. २० बर्ष पुराना भाडाका ट्याक्सीहरु दर्ता रहेकै अञ्चलमा स्क्रयाप (पत्रु) गर्ने र यसरी पत्रु भएका भाडाका ट्याक्सीहरुलाई साविक कै नम्वर उपलव्ध गराउने र त्यस्ता ट्याक्सीको क्षमता मन्त्रालयले तोक्ने ।

६. २० बर्ष पुराना पर्यटन प्रयोजनको हरियो नम्वर प्लेटका भाडाका ट्याक्सीहरुको हकमा नामसारी गर्नको लागि २१ दिने सूचना प्रकाशित गर्ने र सो तोकिएको म्याद समाप्त भएको तीन महिना भित्रमा त्यस्ता सवारी साधनहरुको नामसारी गरी वा नगरी (स्क्रयाप) पत्रु गरिसक्नु पर्ने ।